# स्थानीय राजपत्र

पालुङटार नगरपालिकाद्धारा प्रकाशित

खण्ड ०८) पालुङटार, पुष ३० गते, २०८२ साल (संख्या ०९

पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग १

## सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८२

**प्रस्तावनाः** नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा संरक्षण र व्यवस्थापन गरी सर्वसाधारणको हित र विकासका लागि परिचालन गर्न आवश्यक भएकोले पालुङटार नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधेयकमाः

(क) "उप प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले पालुङटार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिका सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पालुङटार नगरपालिकाको प्रशासकीय प्रमुख सम्झनु पर्दछ ।

(च) "सभा" भन्नाले नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले दफा ८ बमोजिम गठन भएको सार्वजनिक जग्गा संरक्षण समिति सम्झनु पर्दछ ।

(ज) "सार्वजनिक जग्गा" भन्नाले देहायका जग्गाहरु सम्झनु पर्दछः

१. नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गाहरु,

२. नेपाल सरकारको स्वामित्वमा भई हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकाको रेखदेख र संरक्षणमा रहेका जग्गाहरु,

३. सार्वजनिक प्रयोगमा रहेको संघ संस्थाका नाममा रहेका जग्गाहरु,

४. नगरपालिका क्षेत्रभित्र रहेका पर्ति तथा ऐलानी जग्गाहरु

## परिच्छेद २

## सार्वजनिक जग्गाको पहिचान र उपयोग गर्ने सम्बन्धी व्यवस्था

**३. सार्वजनिक जग्गाको विवरण संकलन गर्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको पछिल्लो लगत अभिलेख संकलन गरी अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि नगरपालिकाले वडा समितिलाई जिम्मेवारी तोक्न सक्नेछ।

(३) नगरपालिकाले उपदफा (२) बमोजिम वडा समितिलाई जिम्मेवारी प्रदान गरेको अवस्थामा वडा क्षेत्रभित्र रहेको सार्वजनिक जग्गाको अभिलेख संकलन गरी अनुसूची १ को विवरण अद्यावधिक गरी नगरपालिकामा पेश गर्नु वडा समितिको कर्तव्य हुनेछ।

**४. सार्वजनिक जग्गाको उपयोगः** (१) प्रचलित संघीय र प्रदेश कानूनमा अन्यथा व्यवस्था भए बमोजिम बाहेक नगरपालिकाले उपयोगमा रहेका सार्वजनिक जग्गाको संरक्षण र उपयोगमा नरहेका सार्वजनिक जग्गाहरु समुदायको हित र विकासका लागि उपयोग गर्न सक्नेछ। त्यसरी उपयोग गरिएको सार्वजनिक जग्गाको विवरण अनुसूची २ को ढाँचामा अद्यावधिक गर्नु पर्नेछ।

(२) सार्वजनिक जग्गाको उपयोग गर्दा समग्र समुदायको हित र सुविधालाई ध्यानमा राखी गर्नु नगरपालिकाको कर्तव्य हुनेछ।

(३) प्रचलित कानूनको अधीनमा रही नगरपालिकाले आफ्नो लगानी वा निजी सार्वजनिक साझेदारीमा सार्वजनिक जग्गाको स्वामित्व प्रभावित नहुने गरी कुनै संरचना निर्माण गर्न वा विद्यमान रहेको संरचनाको मर्मत सुधार गर्न सक्नेछ।

(४) नगरपालिकाले आफ्नो लगानी वा निजी सार्वजनिक साझेदारीमा सार्वजनिक जग्गामा सार्वजनिक हित र सुविधाका लागि पार्क, उद्यान, फल्चा जस्ता पर्यटकीय संरचना निर्माण गरी प्रयोग गर्न सक्नेछ।

(५) नगरपालिकाले उपदफा (३) बमोजिम निर्माण भएका भवन वा जग्गा भाडामा लगाई शुल्क आर्जन गर्न सक्नेछ।

५. **सार्वजनिक जग्गा उपयोग गर्दा ध्यान दिनु पर्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक जग्गा उपयोग गर्दा देहायका विषयहरुमा ध्यान दिनु पर्नेछः

(क) हरियाली वनक्षेत्र रहेका सार्वजनिक जग्गाहरु हरियाली क्षेत्र जोखिम हुने गरी उपयोग नगर्ने,

(ख) कुनै प्रयोगमा नरहेका सार्वजनिक जग्गाहरु प्रचलित कानून बमोजिम हुने गरी आम समुदायको हितमा नगरपालिकाले उपयोग गर्ने,

(ग) नगरपालिकाभित्र बसोबास गर्ने समुदायको हित हुने गरी आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक विकास र अपनत्व हुने संरचना निर्माण गरी प्रयोग गर्न सक्ने,

(२) सार्वजनिक जग्गासँग सिमाना जोडिएको निजी क्षेत्रको कुनै उद्योग व्यवसायले उक्त जग्गाको उचित संरक्षण रेखदेख एवं सुधार गरी निश्चित शुल्क उपलब्ध गराउने गरी उपयोग गर्न चाहेमा नगरपालिकाले अवधि तोकी सम्झौता गरी उपयोग गर्न दिन सक्नेछ।

६. **सार्वजनिक जग्गा उपयोग गर्ने प्रक्रियाः** (१) प्रचलित कानून र यस ऐनको अधीनमा रही नगरवासीको हित र विकासका लागि नगरपालिका आफैले सार्वजनिक जग्गा उपयोग गर्न आवश्यक देखेमा नगर कार्यपालिकाबाट निर्णय गरी उपयोग गर्न सक्नेछ ।

(२) प्रचलित कानून र यस ऐनको अधीनमा रही वडावासीको हित र विकासका लागि सार्वजनिक जग्गा उपयोग गर्न आवश्यक देखेमा वडा समितिले निर्णय गरी नगर कार्यपालिकाबाट स्वीकृत भएपछि उपयोग गर्न सक्नेछ ।

(३) निजी क्षेत्र समेतको सहभागीतामा सार्वजनिक जग्गाको उपयोग र विकास गर्न उपयुक्त देखिएमा नगरपालिकाले देहायको प्रक्रिया पुरा गरी निजी क्षेत्र वा निजी क्षेत्रको साझेदारीमा सार्वजनिक जग्गाको उपयोग गर्ने गरी स्वीकृति दिन सक्नेछः

(क) दफा ८ को उपदफा (२) बमोजिम गठित नगर स्तरीय समितिको सिफारिसमा सार्वजनिक जग्गा उपयोग गर्ने विषयमा नगर कार्यपालिका निर्णय गर्ने,

(ख) उपदफा (३) को खण्ड (क) बमोजिम सार्वजनिक जग्गा उपयोग गर्दा नगरपालिकाले गर्ने वा निजी क्षेत्रले गर्ने वा नगरपालिका र निजि क्षेत्रको साझेदारीमा गर्ने सो विषय एकिन गर्ने,

(ग) निजी क्षेत्र एक्लै वा निजी क्षेत्रसँगको साझेदारी र नगरपालिका समेतको सहभागितामा सार्वजनिक जग्गा उपयोग गर्ने हो भने पहिला परियोजना प्रस्ताव अध्ययन गरी सो गर्ने सम्बन्धमा नगरपालिकाबाट स्वीकृत गर्ने,

(घ) निजी क्षेत्रसँगको साझेदारीमा सार्वजनिक जग्गा उपयोग गर्ने हो भने लगानी र आर्जित रकम बाँडफाँड गर्ने शर्तहरु एकीन गर्ने,

(ङ) निजी क्षेत्रको मात्र सहभागितामा सार्वजनिक जग्गा उपयोग गर्ने हो भने नगरपालिकाले प्राप्त गर्ने वार्षिक शुल्क र त्यसका शर्तहरु एकीन गर्ने,

(च) माथि उल्लेखित लगायत अन्य आवश्यक शर्त कायम गरी निजी क्षेत्र र नगरपालिका बीच सम्झौता गरी सार्वजनिक जग्गा उपयोग गर्ने ।

## परिच्छेद ३
## सार्वजनिक जग्गा अतिक्रमण गर्न नपाईने सम्बन्धी व्यवस्था

**७. सार्वजनिक जग्गा अतिक्रमण गर्न नपाइनेः** (१) कसैले पनि नगरपालिका भित्रको जग्गा अतिक्रमण गर्न वा सार्वजनिक जग्गा आफनो नाममा दर्ता गर्न वा सो प्रयोजनका लागि सिफारिस लिन हुदैन।

(२) कुनै व्यक्तिले देहायका कार्यहरू गरेमा सार्वजनिक जग्गा अतिक्रमण गरेको मानिनेछः

(क) नगरपालिकाभित्र रहेका सार्वजनिक जग्गा कुनै व्यक्ति वा संघसंस्थाले व्यक्तिगत वा सामूहिक प्रयोजनका लागि स्वीकृति नलिई उपयोग गरेमा,

(ख) सार्वजनिक जग्गासँग जोडिएको निजी जग्गा उपयोग गर्दा सार्वजनिक जग्गा मिचि कम्पाउन्ड लगाएमा,

(ग) सार्वजनिक जग्गामा व्यक्तिगत प्रयोजनका लागि बाटो, ईनार वा कुनै संरचना बनाई व्यक्तिगत प्रयोग गरेमा,

(घ) सार्वजनिक जग्गाबाट प्राप्त हुने लाभ व्यक्तिगत रुपमा एकलौटी उपयोग गरेमा,

(ङ) व्यक्तिगत लाभका लागि सार्वजनिक जग्गा अतिक्रमण गरी घर टहरा बनाई व्यापार व्यवसाय गरेमा वा भाडामा लगाएमा ।

(३) नगरपालिकाले कुनै सार्वजनिक जग्गा अतिक्रमण भएको पाएमा सो को विवरण अनुसूची ३ बमोजिम अद्यावधिक गर्नु पर्नेछ ।

(४) सार्वजनिक जग्गा कसैले आफ्नो कब्जामा राखेमा वा आवाद गरेमा नगरपालिकाले त्यस्तो जग्गा खाली गराउनु पर्नेछ।

(५) कसैले नगरपालिकाबाट स्वीकृति नलिई सार्वजनिक जग्गामा कुनै संरचना बनाएमा नगरपालिकाले त्यस्तो संरचना भत्काउने आदेश दिन सक्नेछ। यस्तो आदेश पालना गरी आदेश भएको १५ दिनभित्र भत्काउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(६) दफा (५) बमोजिम तोकिएको अवधिभित्र सम्बन्धित व्यक्तिले आफूले बनाएको संरचना नभत्काएमा नगरपालिका आफैले भत्काई सो भत्काउंदा लागेको खर्च समेत भराई लिन सक्नेछ ।

(७) कसैले सार्वजनिक जग्गा अतिक्रमण गरेमा सो जग्गा फिर्ता गरी प्रचलित कानून बमोजिम सजाय हुने भए सो सजाय समेत हुनेछ।

## परिच्छेद ४

## सार्वजनिक जग्गा संरक्षण समिति सम्बन्धी व्यवस्था

**८. सार्वजनिक जग्गा संरक्षण समिति गठन गर्न सक्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको संरक्षण तथा व्यवस्थापनको लागि एक सार्वजनिक जग्गा संरक्षण समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति देहाय बमोजिम गठन हुनेछ :

(क) नगर प्रमुख - संयोजक

(ख) उप प्रमुख - सदस्य

(ग) १० वटा वडाको वडा अध्यक्ष - सदस्य

(घ) कार्यपालिका सदस्यहरुमध्येबाट नगर प्रमुखले मनोनित गरेका ३ महिला सहित ४ जना - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सार्वजनिक जग्गाको पहिचान, अभिलेखीकरण र नक्सांकन गर्ने,

(ख) अतिक्रमण भएको जग्गाको अनुगमन गर्ने,

(ग) सार्वजनिक जग्गा अतिक्रमण भएको पाइएमा सो को विवरण अद्यावधिक गर्ने,

(घ) अतिक्रमित सार्वजनिक जग्गा खाली गराउन निर्देशन दिने,

(ङ) सर्वजनिक जग्गामा कुनै संरचना बनेको भएमा त्यस्तो संरचना भत्काउन आदेश दिने,

(च) सार्वजनिक जग्गाको उपयोग सम्बन्धी योजना बनाउने र सो सम्बन्धी विषयमा आवश्यकता अनुसार कार्यपालिकालाई सिफारिस गर्ने,

(ङ) निजी क्षेत्रको सहभागीतामा सार्वजनिक जग्गाको उपयोग र विकास गर्न उपयुक्त देखिएमा कार्यपालिकालाई सिफारिस गर्ने,

(च) सार्वजनिक जग्गाको दुरुपयोग हुन नदिन नियमित निरिक्षण गर्ने,

(छ) विवरण संकलन तथा सहजिकरण उपसमिति र वडा समितिलाई निर्देशन दिने,

(ज) सार्वजनिक सम्पत्तिको दिगो व्यवस्थापन सुनिश्चित गर्ने,

(झ) विवाद समाधानमा मध्यस्थता गर्ने,

(ञ) सार्वजनिक जग्गा सम्बन्धी नीति, कार्ययोजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(ट) नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायले सार्वजनिक जग्गा सम्बन्धी गरेको निर्णय कार्यान्वयन गराउने,

(ठ) अन्य सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

९. **विवरण संकलन तथा सहजीकरण उपसमितिः** (१) उपदफा ८ बमोजिम गठन हुने समितिलाई सहयोग र सहजीकरण गर्नुका साथै लगत संकलन एवं अद्यावधिक तथा उपयोग गर्ने र सो सम्बन्धमा वडा समितिबाट सम्पन्न भएको कार्यको अनुगमन तथा मुल्यांकन गर्ने कार्यको लागि एक विवरण संकलन तथा सहजीकरण उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) पूर्वाधार शाखा प्रमुख | - सदस्य |
| (ग) नापी कार्यालयका प्रतिनिधि | - सदस्य |
| (घ) मालपोत कार्यालयको प्रतिनिधि | - सदस्य |
| (ङ) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | - सदस्य |
| (च) सम्बन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| (छ) भवन तथा मापदण्ड कार्यान्वयन इकाई प्रमुख | - सदस्य सचिव |

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय हुनेछ :

(क) नगरपालिकाको सार्वजनिक जग्गाको लगत संकलन एवं अद्यावधिक गर्ने,

(ख) सार्वजनिक जग्गा नापजाँच गर्ने,

(ग) वडा समितिबाट सम्पन्न भएको कार्यको अनुगमन तथा मुल्यांकन गर्ने,

(घ) दफा ८ बमोजिमको समितिलाई सहयोग र सहजीकरण गर्ने,

(ङ) जिल्ला स्थित सरोकारवाला निकायहरु सँग समन्वय गर्ने,

(च) समितिले तोकेको अन्य काम गर्ने ।

१०. **वडा स्तरीय समिति गठन गर्न सक्नेः** (१) नगरपालिकाले सार्वजनिक जग्गाको लगत संकलन तथा उपयोग समितिको कार्यमा सहयोग, समन्वय र सहजीकरण गर्नका लागि वडास्तरीय सार्वजनिक जग्गाको लगत संकलन तथा उपयोग समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका पदाधिकारी तथा सदस्यहरू रहनेछन्।

(क) सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाका वडा सदस्यहरु - सदस्य

(ग) वडा समितिले मनोनित गरेका समाजसेवीहरु मध्ये एकजना महिला सहित दुईजना - सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठित समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाभित्र रहेका सर्वाजनिक सम्पतिको तथ्यांक संकलन गरी अद्यावधि गर्ने,

(ख) वडाभित्र रहेका सार्वजनिक जग्गा तथा त्यसमा बनेका भौतिक संरचनाहरु (मठ मन्दिर, विद्यालय, पाटी पौवा लगायतका सम्पदाहरु) को लगत सूची तयार गर्ने,

(ग) वडाभित्र रहेका सार्वजनिक जग्गाहरुको अतिक्रमण रोकी त्यसको संरक्षण एवं सम्वर्द्धन गर्ने सम्वन्धी कार्य योजना बनाई कार्यान्वयन गर्ने,

(घ) वडाभित्र रहेका सार्वजनिक जग्गा तथा त्यसमा बनेका संरचनाहरुको दीर्घकालिन संरक्षण, सम्वर्द्धन तथा उपयोग सम्बन्धी योजना बनाई नगर स्तरीय समिति मार्फत नगरपालिकामा पेश गर्ने,

(ङ) सार्वजनिक जग्गाको साँधसिमाना सम्बन्धी विवाद भई नगरपालिकाले सुझाव माग गरेमा आवश्यकता अनुसार सुझाव दिने,

(च) नगरपालिकाबाट निर्णय भई उपयोगमा रहेको सार्वजनिक जग्गाहरु स्वीकृत उद्देश्य अनुरुप उपयोग भए नभएको वारे अनुगमन गरी नगर स्तरीय समितिमा प्रतिवेदन पेश गर्ने,

(छ) नगर स्तरीय समितिको निर्देशन अनुसार आवश्यक अन्य कार्यहरु गर्ने।

**११. बैठक सम्बन्धी व्यवस्था :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

**१२. अन्य व्यवस्थाहरुः** सार्वजनिक जग्गाको संरक्षण तथा उपयोग सम्बन्धी अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक जग्गाको सिमाना जोडिएको निजी जग्गा धनीले कुने संरचना निर्माण गर्न वडा कार्यालयबाट सिफारिस दिनुपर्दा सर्वाजनिक र निजी जग्गा बीच सिमाना सम्बन्धी कुनै विवाद नभएको यकिन गरेर मात्र दिनु पर्नेछ।

(ख) सार्वजनिक जग्गाको सिमाना जोडिएको निजी जग्गा धनीले सार्वजनिक जग्गामा समेत पर्ने गरी आफूले मात्र उपयोग गर्ने आसयले कुनै संरचना निर्माण गर्न हुँदैन। यस्तो अवस्थामा नगरपालिकाले सार्वजनिक जग्गामा रहेको संरचना हटाउन लगाउने वा नहटाएमा सबैले प्रयोग गर्न पाउने गरी निर्णय गर्न सक्नेछ।

(ग) सार्वजनिक जग्गामा रहेको कुनै रुख विरुवा, वगैंचा वा संरचनाहरुमा कसैले पनि कुनै किसिमले नोक्सानी गर्नु हुँदैन। जानजान कसैले नोक्सानी पुग्ने कार्य गरेमा नगरपालिकाको समितिले क्षति वातको रकम असुल गर्न सक्नेछ।

(घ) नगरपालिकाको अनुमति विना कोही कसैले सार्वजनिक जग्गा उपयोग गरीरहेको भएमा त्यस्तो जग्गा खाली गर्न नगरपालिकाले आदेश गर्न सक्नेछ।यस्तो अवस्थामा सार्वजनिक जग्गा खाली गर्नु व्यक्ति वा संस्थाको दायित्व हुनेछ।

(ङ) नगरपालिकाले सबैको हित र उपयोग हुने गरी सार्वजनिक जग्गा परिचालन वा उपयोग गर्न सक्नेछ।

(च) सार्वजनिक जग्गाको पहिचान, संरक्षण तथा उपयोग सम्बन्धी अन्य व्यवस्था नगरपालिकाको सार्वजनिक जग्गाको लगत संकलन तथा उपयोग समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **कार्यविधि, नियम, र्निदेशिका तथा मापदण्डः** यस ऐनको कार्यन्वयनको लागि नगरपालिकाले आवश्यक कार्यविधि, नियम, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

१४. **यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यस ऐन बमोजिम र नलेखिएको अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची १**

**(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)**

**पालुङटार नगरपालिकाभित्र रहेका सार्वजनिक जग्गाको अद्यावधिक लगत**

| क्र.सं. | जग्गा रहेको ठेगाना | साविक कि.नं. | हाल साविक कि.नं | क्षेत्रफल | जग्गाको किसिम पाखो, पहिरो, खोला, जङ्गल वा रामो | भौतिक संरचना भए नभएको भए कच्ची वा पक्की | अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची २

### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### पालुङटार नगरपालिकाभित्र उपयोगमा रहेको सार्वजनिक जग्गाको अद्यावधिक लगत

| क्र.सं | जग्गा रहेको ठेगाना | साविक कि.नं. | हालसाविक कि.नं | क्षेत्रफ़ल | जग्गाको किसिम | उपयोग गर्ने व्यक्ति वा संस्थाको नाम | अवधि र शुल्क वा भाडा रकम | उपयोगको विवरण वा काम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची ३
### (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)
### पालुङटार नगरपालिकाभित्र अतिक्रमण भएका सार्वजनिक जग्गाको अद्यावधिक लगत

| क्र.सं | जग्गा रहेको ठेगाना | साविक कि.नं. | हालसाविक कि.नं | क्षेत्रफ़ल | जग्गाको किसिम | भोगचलन गर्ने व्यक्ति वा संस्थाको नाम | पुरै अतिक्रमण गरिएको वा सिमाना मिचिएको | सार्वजनिक जग्गाको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आज्ञाले,
शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत